
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २५ गते बुधबार ❑ 8 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीको नीति तथा कार्यक्रममा स्वास्थ्यसँगै कृषि, पर्यटन र पूर्वाधारमा प्राथमिकता

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा स्वास्थ्यसँगै कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ ।

गण्डकी प्रदेशसभाको आजको विशेष बैठकमा सरकार वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले भौतिक पूर्वाधारका अतिरिक्त गण्डकी प्रदेश सरकारले स्वास्थ्य र सामाजिक क्षेत्रमा विशिष्ट कार्य गर्दै आएको बताउनुभयो ।

सरकारले नागरिकलाई निःशुल्क रगत उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उहाँले महिलाको स्तन र पाठेघरको मुखको क्यान्सरको निःशुल्क उपचारको प्रबन्ध मिलाइएको बताउनुभयो । प्रदेशभित्र सडकमा कुनै पनि नागरिक बस्न नपरोस् भनी उद्धार तथा संरक्षणको व्यवस्था मिलाएको बताउँदै उहाँले कोभिड-१९ महामारीका कारण अभिभावक गुमाएका बालबालिकालाई मासिक शैक्षिकवृत्ति उपलब्ध गराई मानवीय र नागरिक कल्याणका महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेको बताउनुभयो ।

"सरकारले विभिन्न प्रदेशसँग पर्यटन, उद्योग, व्यापारलगायतका क्षेत्रमा अन्तर सम्बन्ध विकास गर्दै लगेको छ", उहाँले भन्नुभयो, "सरकारले नागरिकको चाहनाबमोजिमको विकासका लागि सक्दो प्रयास गर्दै आएको छ । प्रदेशको खर्च क्षमता क्रमशः वृद्धि हुँदै गएको छ । आर्थिक वृद्धि दर बढेर ६.१७ प्रतिशत पुगेको छ ।" सातवटै प्रदेशमध्ये गण्डकी प्रदेश उच्च आर्थिक वृद्धि भएको दोस्रो प्रदेश बन्न सफल भएको उहाँले बताउनुभयो ।

प्रदेशको अर्थतन्त्रको आकार फैलिनुका साथै आन्तरिक राजस्वमा सुधार हुँदै गएको बताउँदै उहाँले सामाजिक र आर्थिक सूचकमा सुधार हुँदै गएको र यसले प्रदेश सरकारका क्रियाकलाप सकारात्मक दिशातर्फ उन्मुख भएको पुष्टि हुने उल्लेख गर्नुभयो । विगत दुई वर्षदेखि विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीले नागरिकको स्वास्थ्य गम्भीर जोखिममा रहेको र सामाजिक जनजीवन र आर्थिक




क्रियाकलाप पूरै सङ्कुचित भएको उल्लेख गर्दै उहाँले उत्पादन, वितरण तथा उपभोग प्रणालीमा असन्तुलन भएको र अत्यन्त न्यून स्रोत साधन तथा अनुभव हुँदाहुँदै पनि प्रदेश सरकारले पूर्ण सुझबुझका साथ कोरोना महामारीविरुद्धको लडाइँमा सफलता प्राप्त गरिरहेको बताउनुभयो ।

सबै प्रदेशवासीले पूर्णखोप प्राप्त गरेको र १९ प्रतिशतले अतिरिक्त मात्रा खोपसमेत लिएको भन्दै नीति तथा कार्यक्रममा थला परेको नागरिक जनजीवनले पुनः गति समातेको उल्लेख छ । आर्थिक क्रियाकलाप क्रमशः लयमा फर्कँदै गरेको अवस्थाका साथै सेवा उद्योगले विस्तारै पुनर्जीवन पाउँदै गरेको भनिएको छ । सरकारले प्रदेश स्वास्थ्य नीतिको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइने र प्रदेशमा जनसङ्ख्या व्यवस्थापनका लागि प्रदेश जनसङ्ख्या नीति तर्जुमा गरी लागू गरिने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । आन्तरिक तथा बाह्य बसाइँसराइजस्ता विषयको समयानुकूल व्यवस्थापन गरिने र यसबाट सिर्जना हुने जनस्वास्थ्य सम्बन्धी समस्या समाधान गरिने प्रदेश प्रमुख गुरुङले बताउनुभयो । सरकारले लिङ्ग पहिचान गरी गरिने भ्रूणहत्याविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख गर्दै बालबालिका तथा किशोरकिशोरीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेश सरकारका सबै कार्यक्रममा मूलप्रवाहीकरण गर्ने जनाएको छ । गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य र पोषणलाई प्रवर्द्धन गर्न स्थानीय तहसँग समन्वय गरी विशेष प्याकेजको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रभावकारी ढङ्गले प्रदान गर्न प्रदेश सरकारसँग बा-आमा कार्यक्रम सञ्चालन गरिने भन्दै नीति तथा कार्यक्रममा मानव सेवा आश्रम/वृद्धाश्रममा आश्रित दीर्घरोग लागेका बिरामीले नियमित सेवन गर्नुपर्ने औषधि निःशुल्क उपलब्ध गराउने भनिएको छ । प्रदेशभित्रका नागरिकलाई मिर्गौलाको नियमित डायलायसिस सेवा प्रदान गर्न हाल उक्त सेवा प्रदान गरिरहेका अस्पतालको क्षमता विस्तार गरी गुणस्तरीय सेवा प्रदान गरिने उल्लेख गर्दै नीति तथा कार्यक्रममा गोरखा अस्पताल, लमजुङ अस्पताल र मध्यविन्दु जिल्ला अस्पतालमा डायलायसिस सेवा विस्तार गरिने जनाइएको छ । स्वास्थ्य बीमा कार्यक्रममा सबैको सहज पहुँच सुनिश्चितता गरी स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउने र गण्डकी प्रदेशभित्रका शहीद र बेपत्ताका परिवार, जनआन्दोलन, जनयुद्ध, द्वन्द्वपीडित, मधेस आन्दोलन, थरूहट आन्दोलनका घाइते तथा ख वर्गको अपाङ्गता भएका व्यक्ति र अस्पतालमा नियमित डायलायसिस सेवा लिने मिर्गौला पीडितलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गरिने उल्लेख गरिएको छ । पर्यटकको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी मेडिकल पर्यटनको नीति अन्तर्गत पथप्रदर्शकलाई हाइअल्टिच्युड सिकनेस तालिमको व्यवस्था गरिने र मुख्य पदमार्गमा पर्यटक स्वास्थ्य केन्द्र स्थापना गरिने सरकारको कार्यक्रममा उल्लेख छ । सरकारले विश्वस्तरमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्न दीर्घकालीन रणनीतिक योजना, कानून तथा मापदण्ड निर्माण गरी प्रदेश शिक्षा नीति कार्यान्वयनको व्यवस्था मिलाउने प्रदेश प्रमुख गुरुङले बताउनुभयो ।

गण्डकी विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने र नेपाल सरकारको सहयोग एवं सहकार्यमा चिकित्सा विज्ञान र सूचना प्रविधिसम्बन्धी विषयको अध्ययन अध्यापन कार्यलाई अगाडि बढाइने सरकारको योजना छ । प्रदेशको कृषि तथा औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धिका लागि अनुसन्धानकार्य सञ्चालन गरिने उल्लेख गर्दै गुरुङले युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न प्रदेश प्रमुखसँग युवा वैज्ञानिक कार्यक्रम सुरु गरिने बताउनुभयो ।

प्रदेशमा ठूला पर्यटकीय संरचना निर्माण गर्दै जाने सोचबमोजिम धार्मिक र आध्यात्मिक पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले पोखराको कास्कीकोटमा नेपाल वृन्दावन धाम स्थापना गर्ने कार्यमा पोखरा महानगरपालिका र निजी क्षेत्रसँग सहकार्यको नीति लिइने प्रमुख गुरुङले जानकारी दिनुभयो । महिला सशक्तीकरणमार्फत हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न आवश्यक नीति तथा कानून तर्जुमा गरिने सरकारको कार्यक्रम छ । कोभिड-१९ महामारीका कारण रोजगार गुमाएका, विदेशबाट फर्किएका, बेरोजगार रहेका व्यक्तिको पहिचान गरी उनीहरूको मागको आधारमा सीप विकास, क्षमता अभिवृद्धि तथा व्यवसाय सञ्चालनसम्बन्धी ज्ञान प्रदान गरी स्वरोजगारी प्रवर्द्धन गरिने सरकारले जनाएको छ ।

युवामा सकारात्मक सोच, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिई सिर्जनशील तथा उद्यमी युवा तयार गर्न युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी उद्यमीयुवा : समृद्ध प्रदेश निर्माणमा टेवा कार्यक्रमलाई निरन्तरता दिइने सरकारले जनाएको छ ।

गण्डकी प्रदेशलाई खेलकुद पर्यटन केन्द्रका रूपमा विकास गर्न युवा तथा खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउँदै विभिन्न परम्परागत, साहसिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी तथा प्रशिक्षक तयार गरी खेलकुद प्रतियोगिता सञ्चालन, उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई खेलकुद पुरस्कार प्रदान गरिने प्रदेश प्रमुख गुरुङले बताउनुभयो । कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्दै खाद्य तथा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कास्कीका स्थानीय तह : नीति, कार्यक्रम र बजेटको तयारीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ जेठ**

कास्कीका स्थानीय तहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको तयारी सुरु गरेका छन् । संविधानतः स्थानीय सरकारले आगामी असार १० गतेभित्रमा बजेट ल्याइसक्नुपर्छ ।

स्थानीय तहले आगामी वर्षका कार्यक्रममा समेट्नुपर्ने विषयहरूका बारेमा सम्बन्धित विषयमा राम्रो ज्ञान हासिल भएकाहरूसँग सुझाव लिन सुरुआत गरेका हुन् । नयाँ जनप्रतिनिधि आएकाले पनि उनीहरूले सरोकारवालासँग सुझाव लिएर नीति, कार्यक्रम बनाउन लागेका हुन् । माछापुच्छ्रे गाउँपालिकाले नीति, कार्यक्रम तथा बजेटका लागि एक साताअघिदेखि नै सुझाव लिन सुरु गरेको छ । सोमबार पनि राजनीतिक दल, महिला, ज्येष्ठ नागरिक तथा शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायलगायत विभिन्न विषयगत क्षेत्रका प्रतिनिधिबाट सुझाव लिइएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले बताउनुभयो । प्राप्त सुझावहरूकै आधारमा आगामी वर्षको नीति, कार्यक्रम बनाइने उहाँले जानकारीदिनुभयो । उहाँले भन्नुभयो, "हामी नीति, कार्यक्रम तथा बजेट बनाउनेतर्फ केन्द्रित भएका छौँ । सकभर सबै पक्षसँग आगामी नीति, कार्यक्रमका विषयमा सुझाव लिएर समृद्ध माछापुच्छ्रे बनाउने लक्ष्यलाई कार्यान्वयन गर्ने कार्यक्रम ल्याउने छौँ ।"

उद्योगी यदुनाथ अधिकारीले स्थानीय कच्चा पदार्थको उपयोग गरेर उद्योग व्यवसाय स्थापना गर्न सकिने प्रचुर सम्भावना भएकाले त्यसतर्फ ध्यान दिन सुझाव दिनुभयो । उहाँले कृषि वन पैदावारमा आधारित कच्चा पदार्थबाट उद्योग स्थापना र रोजगारी सिर्जना गर्न सकिने भएकाले त्यसतर्फ नीति, कार्यक्रम र बजेट विनियोजन गर्न आग्रह गुर्नभयो । पूर्वजनप्रतिनिधि गोपाल गिरीले कृषि, शिक्षा, पर्यटन र स्वास्थ्य क्षेत्रमा प्राथमिकता दिनुपर्ने बताउनुभयो । मर्दी हिमाललगायतका क्षेत्रमा बढ्दै गएको पर्यटन विकासलाई गाउँपालिकाले नियमन गर्दै पालिकाको दायरामा ल्याउनुपर्ने उहाँको सुझाव छ । आगामी पाँच वर्षको अवधिमा गाउँपालिकाले विकासमा कोल्टो फेर्ने गरी नयाँ आएका जनप्रतिनिधिले काम गर्नुपर्नेमा सहभागीले जोड दिनुभएको छ । गाउँपालिकाले उत्पादन र रोजगारी वृद्धि गर्ने खालका र समयमै कार्यान्वयन हुने योजनालाई आगामी वर्षमा प्राथमिकता दिने भएको छ । वितरणमुखीभन्दा पनि नतिजा दिने खालका योजनामा बजेट विनियोजन गरिने गाउँपालिकाले जनाएको छ । गाउँपालिकामा पर्यटन, कृषि र जलस्रोतको विकासको अधिक सम्भावना भएकाले प्राकृतिक स्रोतको उपयोग गर्दै त्यसलाई पालिकाको विकासमा लगाइने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले बताउनुभयो ।

उहाँले भन्नुभयो, "माछापुच्छ्रेमा उपलब्ध प्राकृतिक स्रोतको उपयोग गर्दै कृषि र पर्यटनका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम ल्याउने छौँ । नौवटै वडाको समानुपातिक विकासलाई ध्यान दिइनेछ ।"

## एसियाली खेलकुद प्रतियोगिताको तयारी सुरु

**रासस**
**काठमाडौं, २४ जेठ**

चीनमा आयोजना हुने उन्नाइसौँ संस्करणको एसियाली खेलकुद प्रतियोगिताको बन्द प्रशिक्षण मंगलबारदेखि विधिवतरुपमा सुरुत भएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्क लाल घिसिङले नेपालले सहभागिता जनाउने विभिन्न २३ खेलको बन्द प्रशिक्षणको उद्घाटन गर्नुभयो । उहाँले बन्द प्रशिक्षण १९औँ एसियाली खेलकुदलाई मात्रै नभई अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीसमेत रहने बताउनुभयो ।

सदस्यसचिव घिसिङले पहिलो चरणको प्रशिक्षणको लागि रु पाँच करोड बजेट विनियोजन भएको र दोस्रो चरणको प्रशिक्षणको लागि पनि बजेट पारित भइसकेको उल्लेख गर्नुभयो । कार्यक्रममा उहाँले २३ खेलका सम्बन्धित खेल सङ्घका पदाधिकारीलाई खेल सामग्रीसमेत हस्तान्तरणगर्नुभयो।त्यसैगरीखेलाडीका तर्फबाट एथलेटिक्सकी खेलाडी सन्तोषी श्रेष्ठले बन्द प्रशिक्षणले सबै खेलाडीको उत्साह बढेको बताउनुभयो । प्रशिक्षको तर्फबाट भने भारोत्तोलनखेलका प्रशिक्षक राम पौडेलले बन्द प्रशिक्षणले खेलाडी र प्रशिक्षकमा ऊर्जा थपिएको उल्लेख गर्नुभयो ।

पहिलो चरणको प्रशिक्षण यही जेठ २४ गतेदेखि आगामी असार २३ गतेसम्म चल्नेछ । तेईस खेलबाट २३० पुरुष र २८४ महिला गरी ५१४ जना खेलाडी बन्द प्रशिक्षणमा रहनेछन् । नेपालबाट तेक्वान्दो, कराते, बक्सिङ, एथलेटिक्स, साइक्लिङ, महिला फुटबल, गल्फ, कुस्ती, भारोत्तोलन, जुडो, पौडी, ट्रायथलन, उसु, आर्चरी, बास्केटबल, कबड्डी, फेन्सिङ, ह्याण्डबल, टेबलटेनिस, महिला भलिबल, पुरुष क्रिकेट, सुटिङ र ब्याडमिन्टन खेलले सहभागिता जनाउनेछ ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## 'इम्बोस्ड प्लेट जडान अनिवार्य होइन, तीव्रता मात्र दिन लागिएको हो'

**रासस**
**काठमाडौं, २४ जेठ**

यातायात व्यवस्था विभागले साउनदेखि सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य नगरेको स्पष्ट पारेको छ ।

विभागले दुई दिन पहिले जारी गरेको सूचनाका आधारमा आमनागरिक र मिडियामा त्यसको पक्ष र विपक्षमा बहस सुरु हुँदा विभागले इम्बोस्ड नम्बर प्लेट जडानलाई तीव्र बनाइने जनाएको छ । सूचनामा आगामी साउन १ गतेदेखि सडकमा गुड्ने सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान हुनुपर्छ भन्ने मान्यता नभएको विभागका प्रवक्ता इश्वरीदत्त पनेरुले बताउनुभयो । विभागले यही जेठ २० गते जारी गरेको विज्ञप्ति गत कात्तिक २२ गतेको विज्ञप्तिको परिपूरक भएको स्पष्ट पारेको छ । अबको ४० दिनमा यही गतिमा हुँदा नेपालमा हाल दर्ता भएका २५ लाख सवारीसाधनमा नम्बर प्लेट जडान सम्भव नरहेको प्रवक्ता पनेरुले बताउनुभयो । गत कात्तिकमा जारी सूचनाका आधारमा जसले जडान गर्नुपर्ने हो गरेको छ छैन भनी अनुगमन गरिनुपर्ने पनेरुले बताउनुभयो । "अहिले नम्बर प्लेट जडान ऐच्छिक भएको छ', उहाँले भन्नुभयो, "सीमित समयमा काम पूरा गर्न गति तीव्र बनाउनै पर्छ ।" विभागले जारी गरेको सूचनामा बागमती र गण्डकी प्रदेशका यातायात व्यवस्था कार्यालयले दर्ता भएका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान भए नभएको कार्यान्वयन गर्न भनिएको थियो । साउनपछि ट्राफिक प्रहरीबाट अनुगमन गरिने र तोकिएअनुसार सवारीसाधनमा जडान नभएको पाइएमा कारबाही हुने उल्लेख थियो ।

इम्बोस्ड नम्बर प्लेटका कारण राज्यको दायित्व थपिँदै जाने तर त्यसले लक्षित उद्देश्य पूरा नहुने अवस्थामा जिम्मेवार निकाय र पदाधिकारीले ध्यान दिनुपर्ने विभागले जनाएको छ । सरकारले २०७३ सालमा सवारीसानधमा इम्बोस्ड नम्बर प्लेट जडानको सम्झौता गरेको थियो । संसद्ले २०७४ सालमा कानुन


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# अभियानले गर्‍यो नयाँलाई स्वागत पुरानालाई बिदाई

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

हालै सम्पन्न स्थानीय तहको निर्वाचनपछि निर्वाचित पोखरा महानगरपालिका वडा नम्वर १ का जनप्रतिनिधिहरुलाई स्थानीय अभियान महिला समुहले स्वागत गरेको छ भने निर्वतमान भएकाहरुलाई बिदाई ।

स्थानीय समाजसेवी माधवप्रसाद पराजुलीले व्यानरमा हस्ताक्षर गरि उद्घाटन गरेको कार्यक्रममा पोखरा १ सिम्पानी, लामपाटा स्थित समुहकी अध्यक्ष राधादेवी पराजुली र समुहकी जेष्ठ सदस्य अम्विका त्रिपाठीले नयाँ जनप्रतिनिधिहरुलाई फुल, अविर र खादा लगाएर स्वागत तथा निवर्तमानलाई दोसल्ला तथा सल ओढाएर बिधाई गरेकी थिईन । निर्वाचनमार्फत वडाको अध्यक्षमा सहारा प्रधानसगै सदस्यहरुमा



शोभा गुरुङ, रामजी पौडेल, जुकमाया दमाई र जुम काजी गुरुङ निर्वाचित भएका थिए । समुहको स्वागतपछि आफनो भनाई राख्दै अध्यक्ष प्रधानले वडामा यस अघि सुरु गरिएका तर पुरा हुन नसकेका अपुरा कामलाई पुरा गर्ने आफनो पहिलो प्राथमिकता रहेको बताए । प्रधान वडाको निवर्तमान वडा सदस्य समेत हुन । वडामा रहको विभिन्न संघ संस्था, आमा समुह लगायत संग सहकार्य गरि आफुहरु अघि बढ्ने बताए । वडा सदस्य राम्जी पौडेलले वडावासीले आफुहरुलाई विश्वास गरेर जिताएकाले मतदाताको मन जित्ने गरि काम गर्ने र यस्का लागि आवश्यक साथ, सहयोग र सल्लाह दिन आग्रह गरेका थिए ।

निवर्तमान वडा अध्यक्ष शारदा पराजुलीले संघीयतपछि स्थापन भएको स्थानीय तहमा सुरुमा आफुहरुलाई काम गर्न गाहो भएको बताईन । आफनो पाँच वर्षे कार्यकालमा वडाको विकासका लागि धेरै बाटोहरु कोरेको र त्यसलाई पुरा गर्ने काम निर्वाचित प्रतिनिधिको रहेको भनाई राख्दै वडाको विकासको लागि आफुले सकेको सहयोग गर्ने भनाई राखेकी थिईन ।

निवर्तमान वडा सदस्य रुद्र सुवेदीले पहिला भएका गल्ती र कम्जोरीलाई सुधार गदै अघि बढ्न निर्वाचित प्रतिनिधिहरुलाई आग्रह गरेका थिए । काम बाँडफाँडमा भेदभाब नगरी गर्न सुझाव दिदै सुवेदीले आफुहरुको कार्यकाल सकिएपनि आवश्यक परेको खण्डमा सहयोग गर्नका लागि तयार रहेको बताए ।

समुहकी अध्यक्ष पराजुलीले वडाको आवश्यकता के के हुन त्यसलाई लिपिबद्ध गरि प्राथमिकता हेरी काम गर्न सल्लाह दिईन । वडाको आवश्यकता र हितलाई ध्यान दिएर काम गर्न जनप्रतिनिधिहरुलाई उनले आग्रह समेत गरेकी थिईन ।

# समुदायलाई सीप तालिम

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

पोखरा विश्वविद्यालयले र ज त ज य न्ती का े विशेष कार्यक्रमअन्तर्गत पोखरा महानगरपालिका-३० का स्थानीय महिलाहरूलाई समसामयिक विषयमा दुईहप्ते सूचना प्रविधि साक्षरता र सीप तालिम दिन सुरु गरेको छ ।

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा आयोजित तालिममा २१ गृहिणी सहभागी छन् । चुलोचौका सँगसँगै आधुनिक सूचना तथा प्रविधिसँग गृहिणीलाई परिचित गराउनु तालिमको प्रमुख उद्देश्य रहेको विश्वविद्यलायका सूचना अधिकृत लोकप्रसाद ढकालले जानकारी दिनुभयो । प्रविधिमैत्री मोबाइल, ल्यापटप, कम्प्युटरको प्रयोगबाट अनलाइन व्यापार व्यवसाय सञ्चालन, डिजिटल वालेट, डेबिट वा क्रेडिट कार्ड, ई-बैंकिङ, मोबाइल बैंकिङ, अटोमेटेड टेलर मेसिन (एटिएम) आदिबाट डिजिटल भुक्तानीलगायतका विषयमा तालिम दिइने उहाँले बताउनुभयो । मोबाइलमा प्रयोग भएको प्रविधि र त्यसमा भित्रिएको नयाँ-नयाँ आयामका बारेमा गृहिणीलाई ज्ञान र सीप दिइने जनाइएको छ । यसबाट उनीहरूले इन्टरनेटसम्बन्धी र छिटोछरितोरूपमा सूचना आदान प्रदानसम्बन्धी ज्ञान हासिल गर्नुका साथै देश विदेशमा रहेका श्रीमान्, छोराछोरी, नातागोता इष्टमित्रसँग भिडियोमा कुराकानी, च्याट, डिजिटल रूपमा बिजुली, पानी, टेलिफोन आदिको बिल भुक्तानी गर्न उनीहरू सक्षम हुने विश्वविद्यलायले विश्वास लिएको छ। पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सह-प्रा डा नमराज धामीले तालिममार्फत गृहिणीले नवीनतम् प्रविधिका धेरै विषयमा जानकारी हासिल गर्ने बताउनुभयो । कार्यक्रममा सूचना प्रविधि स्कुल अफ बिजनेशका स्कुल निर्देशक डा सृजन ज्ञवाली, स्कुल अफ बिजनेशका उपप्राध्यापक दीपाञ्जल श्रेष्ठ र सहभागी महिलाको तर्फबाट इन्दिरा तिवारी, चनमति तामाङलगायतले तालिमको उपयोगिता सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# फेन्सिङ प्रशिक्षक रेखमाया गुरुङको विदाई

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

मे ९ देखि ३० जुनसम्म भारतको पटियालामा हुने फेन्सिङ प्रशिक्षण तालिममा सहभागी हुन लाग्नु भएकी फेन्सिङ खेलकी प्रशिक्षक रेखमाया गुरुङलाई फेन्सिङ संघ कास्कीले विदाई गरेको छ ।मंगलबार आयोजित शुभकामना विदाई कार्यक्रममा जिल्ला फेन्सिङ संघ कास्कीका अध्यक्ष विजय शाही, सल्लाहकार कृष्ण रानाभाट, वरिष्ठ उपाध्यक्ष राम गुरुङ, उपाध्यक्ष छवि गुरुङ, सचिव सन्दिप वराल, सदस्य चिजा



गुरुङले खादा लगाएर तालिम सफलता पुर्वक गर्न शुभकामना व्यक्त गरेका थिए ।

फेन्सिङ संघ नेपालकी केन्द्रिय सदस्य समेत रहनु भएकी गुरुङ भारतको पटियालामा रहेको नेताजी सुभाष नेशनल इन्स्टीच्युट अफ स्पोर्ट्समा ६ हप्ता लामो सर्टिफिकेट कोर्स अफ स्पोर्ट्स कोचिङमा फेन्सीङ खेलको प्रशिक्षण लिने वताईएको छ ।

उक्त प्रशिक्षण कार्यक्रममा फेन्सिङ लगाएत २८ खेलहरुका प्रशिक्षकहरुलाई तालिम प्रदान गरिन्छ । नेपालबाट उक्त फेन्सीङ खेलको कोर्सको प्रशिक्षण लिन रेखमाया गुरुङ सहित एपिएफका फेन्सिङ प्रशिक्षक सुभाष आचार्य पनि सहभागी हुने छन् ।

## गण्डकीको...

पोषण सुरक्षाको प्रत्याभूति गर्ने नीति तथा कार्यक्रममा उल्लेछ ।

गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखरालाई पर्यटकीय राजधानीका रूपमा विकास गर्न नेपाल सरकारसँगको समन्वयमा आवश्यक पर्यटकीय पूर्वाधार तथा सेवाको गुणात्मक वृद्धि गरिने प्रदेश प्रमुख गुरुङले बताउनुभयो । नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय र प्रादेशिक लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्न बाँकी रहेका गोरखाको चुमनुब्री गाउँपालिका र मनाङको नार्पा भूमि गाउँपालिकाको केन्द्रसम्म सडकको पहुँच पुर्‍याइने भएको छ । यससँगै प्रदेशका ८५ वटै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइने नीति सरकारले लिएको छ ।

नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई अघि बढाउनका लागि बृहत् गुरुयोजना निर्माण, बूढीगण्डकी करिडोरलाई बेनीघाटदेखि लार्केभञ्ज्याङसम्म विस्तार, मुग्लिनदेखि नयाँपुल हुँदै दूधपोखरीसम्म मर्स्याङ्दी करिडोर, बेनीघाटदेखि मुग्लिनसम्म त्रिशूली करिडोर, मुग्लिनदेखि घुमाउने हुँदै देवघाटको शालिग्राम करिडोरमा जोड्ने सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याइने प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बताउनुभयो । प्रदेशभित्रका महत्वपूर्ण सडक र पुल वर्षभरिनै यातायात सञ्चालनयोग्य बनाउने, एक निर्वाचन क्षेत्र, एक कृषि सडक कार्यक्रम कार्यान्वयन र प्रदेशमा ठूला तथा व्यावसायिक महत्वका पूर्वाधार निर्माणमा सार्वजनिक-निजी लगानीका सम्भाव्य परियोजना पहिचान गरी कार्यान्वयनमा लैजाने नीति सरकारको छ ।

यसैगरी सिद्धार्थ राजमार्गको पोखरा-राम्दीखण्ड, पृथ्वी राजमार्गको पोखरा-मुग्लिनखण्डको स्तरवृद्धि, मध्यपहाडी लोकमार्गको निर्माण हुन बाँकी खण्ड सम्पन्न गर्ने, काली गण्डकी करिडोरको स्तरवृद्धि, तनहुँ हाइड्रो, हुलाकी राजमार्ग आयोजना समयमा सम्पन्न गर्न सहजीकरण गरिने नीति कार्यक्रममा उल्लेख गरिएको छ । धार्मिक पर्यटनका माध्यमबाट आर्थिक उन्नयनका लागि गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको संयुक्त लगानीमा मुस्ताङको मुक्तिनाथ र लुम्बिनी प्रदेशको रुपन्देहीमा अवस्थित भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी जोड्ने सुविधा सम्पन्न मुक्तिमार्ग निर्माण आरम्भ गर्ने सरकारको योजना छ । गोरखाको पालुङ्टार, नवलपुरको बुलिङ्टार, स्याङ्जाको चापाकोट र बागलुङको गलकोटलगायतका स्थानलाई व्यवस्थित सहरका रूपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र पोखरामा अत्याधुनिक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणमा स्रोत जुटाइने नीति कार्यक्रममा उल्लेख छ । पोखरा महानगरसँगको सहकार्यमा मुख्य बजारक्षेत्रमा युटिलिटी करिडोर निर्माणको थालनी, प्रदेश यातायात प्राधिकरण स्थापनाको प्रक्रिया प्रारम्भ गर्ने, यातायात व्यवस्था कार्यालयहरू सूचना प्रविधि मैत्री बनाइने, सवारी साधनको कर दस्तुर अनलाइन प्रणालीबाट भुक्तानी गर्ने व्यवस्था र सवारी चालक अनुमति पत्र प्राप्त गर्ने प्रक्रिया र वितरण कार्यलाई चुस्त बनाउने र पोखरा महानगरमा विद्युतीय भुक्तानी प्रणालीयुक्त नगर बस सञ्चालन गर्ने सरकारको नीति छ। विद्युतीय सवारी साधन सञ्चालनमा प्राथमिकता, प्रदेशका प्रमुख सडकको उपयुक्त स्थानहरूमा भेहिकल चार्जिङस्टेशन स्थापना, स्मार्टलाइटिङ प्रणाली, हरितपार्क निर्माण, सार्वजनिक स्मार्ट शौचालयको यवस्था, सिसिटिभी क्यामेरा जडान तथा ट्राफिक बत्ती व्यवस्थापनको कार्य सुरु गरिने प्रदेश प्रमुख गुरुङले बताउनुभयो ।

प्रदेशभित्र सुरुङ मार्ग निर्माण सम्भाव्यता अध्ययन, पोखराको पृथ्वीचोक र बागलुङ बसपार्कको स्तरोन्नतिका लागि पोखरा महानगर र नेपाल सरकारसँगको सहकार्यमा काम सुरु गर्ने, कोरला-त्रिवेणी सडकअन्तर्गत दुम्कीवास-त्रिवेणी खण्डको चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा सुरुङमार्ग र सतही मार्गको सम्भाव्यता अध्ययन अघि बढाइने सरकारको जनाएको छ ।

प्रदेशका सबै घरपरिवारलाई आधारभूतस्तरको खानेपानी सेवा पुर्‍याउन एकघर-एकधारा कार्यक्रमको निरन्तरता र जीर्ण खानेपानी आयोजनाको मर्मतसम्भार गरी आगामी दुई वर्षमा शतप्रतिशत लक्ष्य हासिल गर्ने सरकारको योजना छ । यसैगरी जलउत्पन्न प्रकोपको न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली जडान, मनाङ जिल्लाको बाढी प्रभावित क्षेत्रमा गुरुयोजनामा आधारित व्यवस्थित नदी नियन्त्रण गरी बस्ती पुनःस्थापना तथा आपत् कालीन अवस्थामा समेत सेवा सुचारु गर्ने सरकारको नीति छ ।

आर्थिक वर्ष २०७९/०८० भित्र उज्यालो गण्डकी प्रदेश कार्यक्रम सम्पन्न गर्ने, विद्युत् खपत वृद्धि गर्न प्रोत्साहन, एलपी ग्यासलाई प्रतिस्थापन गर्न कार्यविधि बनाई विद्युतीय चुलो प्रयोगमा प्रोत्साहन र विद्युतीय चुलो उत्पादन गर्ने उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने प्रदेश प्रमुख गुरुङले बताउनुभयो । नेपाल सरकारसँगको साझेदारीमा जलाशययुक्त बूढीगण्डकी र उत्तरगङ्गा जलविद्युत् आयोजनाको निर्माण सुरु गर्न आवश्यक पहल गर्ने, प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने जलविद्युत् आयोजनाको उत्पादन तथा सञ्चालन अनुमति एवं व्यवस्थापन/नियमनका लागि ऊर्जा निर्देशनालय स्थापना गर्ने, वायु ऊर्जा उत्पादनको लागि सम्भाव्यता अध्ययन गर्ने सरकारको नीति छ । स्थानीय तहको न्यायिक समिति, विधायन समिति र कानून तर्जुमा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि गर्दै कानून निर्माणमा सहजीकरण गर्ने, असमर्थपक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, प्रदेश गौरवको आयोजना सूचना प्रविधि पार्क निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयारी र सञ्चार ग्राम स्थापनाका लागि आवश्यक पूर्वाधार विकास गर्ने सरकारको नीति छ ।नेपाल सरकारसँगको समन्वय तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश डाटा सेन्टर स्थापना, सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने, प्रदेशमा कार्यरत श्रमजीवी पत्रकारको स्वास्थ्य बीमा कार्यक्रम आरम्भ गर्ने तथा जिल्ला पत्रकार महासङ्घको भवन बनाउन जग्गा प्राप्ति गर्ने कार्यमा सहजीकरण र भवन बनाउन आर्थिक सहयोग उपलब्ध गराइने सरकारको नीति छ ।

## इम्बोस्ड...

बनाएर इम्बोस्ड नम्बर प्लेट जडानका लागि व्यवस्था गरेको थियो ।


विसं २०७८ कात्तिक २२ गते राजपत्रमा सूचना प्रकाशित गरेर मङ्सिर १ गते पछि दर्ता हुने नयाँ सवारीसाधनले अनिवार्य इम्बोस्ड नम्बर प्लेट लिनुपर्ने उल्लेख थियो । त्यस्तै, फागुन १ गतेपछि नामसारी हुने सवारीसानधमा पनि अनिवार्य गरिएको थियो । विभागले गत जेठ १ पछि नवीकरणलाई अनिवार्य गरेको थियो । नयाँ, नामसारी र नवीकरण हुने सवार ीसाधनमा अनिवार्य गर्दै लैजाने निर्णय भए पनि कार्यान्वयन हुन नसकेकाले त्यसैका लागि अहिले ताकेता गरिएको हो । उहाँले भन्नुभयो, “विगतमा भएका निर्णय कार्यान्वयन गर्दै लैजाने हाम्रो जिम्मेवारी हो ।” विभागले जेठ २० गते जारी गरेको सूचनालाई धेरैले फरक फरक रुपमा बुझेको पाइएको छ । संसद् र सामाजिक सञ्जालमा समेत यसबारेमा चर्चा भइरहेको छ। पहिले अदालतमा मुद्दाका कारण र पछिल्लो समय कोभिड-१९ का कारण सुरक्षासहितको सवारीसाधनमा प्रयोग हुने नम्बर प्लेट (इम्बोस्ड नम्बर प्लेट) को कार्यान्वयन सुस्त छ । विभागले २०७३ जेठ १७ गते टाइगर आइटी कर्पोरेसनसँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो ।

गत वर्ष अवधि सकिएकामा पछि थपिएको थियो । प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ। सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख छ। आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो। सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारीधनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आवद्ध गराउन र सवारीसाधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । त्यस्तै, नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख थियो । सडक विभागसँगको समन्वयमा ‘स्टिकर’ वा ट्यागजडित सवारीसाधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा द्वार निर्माण गरिनेछ। काठमाडौं उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ, जोरपाटी र उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर तथा अत्तरियामा द्वार निर्माण गरिने छ।

संविधानअनुसार नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै २०७४ फागुनमा रिट दर्ता गरिएको थियो। सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# जनतालाई तर्साउने काम नगर

साउन १ गतेदेखि सडकमा गुड्ने सबै गाडीमा अनिवार्य रुपमा एम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने भन्दै तर्साएको सरकार जनआक्रोस पछि पछिहटेको छायातायात व्यवस्था विभागले साउन १ गतेबाटै सडकमा गुड्ने सबै सवारीमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य नभएको स्पष्ट पारेको छ। एक महिनाको समय दिएर जनतालाई आतंकित पार्नेछ काम सरकारले गरेको थियो । सडकदेखि सदन सम्म चर्को विरोध भएको थियो । स्थानीय तहको निर्वाचन जितेको उपहार गठबन्धन सरकारले जनतालाई आतंकित पार्ने, मुल्य बढाउने काम गरेको छागाडीमा एम्बोस्ड नम्बर अनिवार्य जनतालाई आतंकित पार्ने कामको सत्तासीन सांसदले पनि विरोध गरेका कारण केही पछि हटेको छ। मंगलबार विज्ञप्ति जारी गर्दै साउन १ गते बिहानबाट सडकमा गुड्ने सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने आशय विभागको नरहेको जनाएर नाक जोगाउन खोजेको छ।

२०७८ कात्तिक २२ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम ज-जसले इम्बोस्ड नम्बर अनिवार्य जडान गर्नुपर्ने थियो, ती सवारीमा यस्ता प्लेट जडान भएका छन् वा छैनन भन्ने कुरामा अनुगमन गर्नुपर्ने देखिएको विज्ञप्तिमा उल्लेख छ। 'इम्बोस्ड नम्बर प्लेट जडान ऐच्छिक विषय पनि होइन,' विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सिमित समयमा कार्य पुरा गर्नका लागि आगामी दिनमा यो कार्यको गति तीब्र हुन जरुरी छ, सडकमा गुड्ने सबै सवारीमा साउन १ देखि नै इम्बोस्ड नम्बर अनिवार्य छैन ।' हाल दुई लाख ५० हजार प्लेट उत्पादन भएर स्टोरमा रहेको विभागले जनाएको छ । इम्बोस्ड नम्बर प्लेट जडानका लागि पनि सबै पूर्वाधार तयार रहेको विभागको दाबी छालामो समयसम्म नम्बर प्लेट दिन नसक्ने सरकारले जनतालाई तर्साएर रमक घोटाला गर्नेछ चालबाजी हो ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले युवा संघले विरोध गरेको छ। उस्ले सडकमा उत्रिएर विरोध जनाएको छ। 'महंगो प्लेट चाहिँदैन जनताको ढाड सेक्न पाइँदैन', 'अर्थतन्त्र छ चौपट परमादेशी सरकार कमिसनमै लटपट', 'कालो सूचिवाल ठेकेदार नेपाली लिपि मास्ने मतियार' जस्ता नारा लेखिएका ब्यानर युवा संघका नेताहरूले प्रदर्शन गरेका थिए। प्रदर्शनको क्रममा प्रदर्शनकारी र प्रहरीबीच केही बेर झडप समेत भएको थियो। इम्बोस्ड नम्बर प्लेटले नेपालको संविधानमा भएको व्यवस्थाको पनि उल्लंघन हुने आलोचकको भनाइ छ। नम्बर प्लेटमा देवनागरी अंक र अक्षर नराखी अंग्रेजी अक्षर राख्ने गरेको र निकै कमजोरसमेत रहेको छ।

पछिल्लो एक वर्षमा चार हजार सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट राखेकोमा १५ सय फुटेको समाचार सार्वजनिक भएको छ । सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट राख्ने नाममा आर्थिक अनियमितता भएको सांसदहरूले आशंका व्यक्त गरेका छन् । ठेकेदार छनोट, इम्बोस्ड नम्बर प्लेटको गुणस्तर, यस सम्बन्धमा सर्वोच्चले गरेको फैसला, व्यवस्थापन तथा इम्बोस्ड नम्बर प्लेट राख्नैपर्ने नराखे जरिवाना गर्ने भनेर सरकारले जारी गरेको धम्कीपूर्ण सूचनालाई आधार बनाएर सांसदहरूले अनियमितताको आशंका जनाएका छन।प्रधानमन्त्री शेर बहादुर देउवाका नातेदार ठेकेदारको एजेन्ट भएको समाचारको बारेमा सरकारले सत्य तथ्य बाहिर ल्याएर जनतालाई सुचित गर्नु जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | ब्यापारमा लाभ |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | शत्रुको भय |
| मिथुन | आर्थिक समस्या | धनु | झमेला बढ्ने |
| कर्कट | मन चञ्चल | मकर | कार्यमा सफलता |
| सिंह | मानसिक तनाब | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | शारीरिक झमेला | मीन | सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मनाङमा चिकित्सक अभाव

**पोखरापत्र संवाददाता**
**मनाङ, २४ जेठ**

हिमाली जिल्ला मनाङको एक मात्रै अस्पताल अहेवकै भरमा सञ्चालन हुँदै आइरहेको छ । सामान्य उपचारका लागि जिल्लाबाहिर जानुपर्ने समस्या विगतदेखि नै भए पनि हाल अस्पतालको जिम्मेवारी अहेवलाई सुम्पदा स्थानीयवासी झन चिन्तित बनेका छन्। अहेवको भरमा जिल्ला अस्पताल छोड्दा सेवाग्राहीले सेवा लिन नपाएको र समयमा नै उपचार नपाउँदा कतिपयको ज्यानसमेत जाने गरेको गुनासो स्थानीयवासीले गरेका छन् । उपचारका लागि अस्पताल पुग्नुभएका स्थानीयवासी लक्ष्मण गुरुङले उपचार हुनेभन्दा झन् बढी पीडा थपिने गरेको गरेको गुनासो गर्नुभयो । "अस्पतालमा चिकित्सकको दरबन्दी भएपनि उपलब्ध हुँदैनन् । यहाँ सामान्य उपचार पनि नपाउँदा लामो दूरी पार गरेर छिमेकी जिल्ला पुग्नुपर्ने बाध्यता छ। अब त झन बर्खा लाग्यो । मौसमको समेत भर हुँदैन उपचार गर्न कसरी पुग्न सकिन्छ खै ?," उहाँले भन्नुभयो।

केही समयअघि मात्र जिल्लामा नेपाल प्रहरीका हबल्दार अकस्मात लड्दा उपचारको अभावमा उनको मृत्यु भएको थियो भने अर्का सशस्त्र प्रहरीका जवानको पनि भिरबाट लडेर तत्काल उपचार नपाउँदा मृत्यु भएको थियो । बिरामीलाई अस्पताल लग्यो चिकित्सक छैन । जिल्ला अस्पतालमा आवश्यक चिकित्सक नहुँदा नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सर्वसाधारणको दुःखद घटना बढेको छ । मनाङवासीले भौगोलिक विकटता, मौसमको प्रतिकूलताका साथै जिल्लाको एक मात्र अस्पतालमा आवश्यक जनशक्ति र उपकरण अभावले अकालमै ज्यान गुमाइरहेका छन्। अस्पतालमा समयमै पुर्‍याइए पनि चिकित्सकको अभावले बिरामी बचाउन नसकिएको स्थानीयवासीले बताए ।

सदरमुकामसमेत रहेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र घलेका अनुसार जनताका हरेक समस्याहरू आफूसम्म आइपुगे पनि प्रदेश तथा सङ्घीय सरकारबाट उचित पहल नहुँदा उनीहरूको जीवनमाथि नै खेलबाड भइरहेको महसुस भएको बताउनुभयो । "मनाङ जिल्ला अस्पताल प्रदेश सरकारले सञ्चालन गरिरहेको र अस्पतालमा तीनजना चिकित्सकको दरबन्दी छ भन्ने सुनिएको हो तर जनता र राष्ट्रसेवक कर्मचारीलाई समेत आवश्यक पर्दा एकजना पनि चिकित्सक उपलब्ध नहुनु विकटका जनताको स्वास्थ्यप्रति सरकार गैरजिम्मेवार रहेको प्रस्ट देखिएको छ," उहाँले भन्नुभयो।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जिल्ला अस्पतालमा कोभिड दरबन्दीमा चिकित्सकको पद रिक्त रहेको र हाल एकजना मात्र चिकित्सक जिल्लामा रहेको हुनाले नागरिकले खोजेको बेलामा चिकित्सक उपलब्ध नभएको बताउनुभयो । "भएका एक चिकित्सक पनि बिदामा रहेकाले जिल्ला अस्पताल चिकित्सकविहीन हुनु स्वाभाविक मान्नुपर्छ," उहाँले भन्नुभयो । गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालय पोखराको वेबसाइटबाट अरू जिल्लाका विवरणहरू हेर्दा मनाङ जिल्लामा रहेका स्वास्थ्य संस्थाहरू र तिनमा कार्यरत स्वास्थ्य क्षेत्रका कर्मचारीहरूको कुनै विवरण उपलब्ध भएको पाइँदैन।

# भानुभक्त प्राणी उद्यान विस्तार गरिँदै

**पोखरापत्र संवाददाता**
**दमौली, २४ जेठ**

तनहुँको व्यास नगरपालिका-१२ छिर्कनस्थित भानुभक्त प्राणी उद्यानभित्र १३ प्रजातिका स्तनधारी वन्यजन्तु भेटिएका छन् । प्राणी उद्यानले ओगटेको वन क्षेत्रभित्र १३ प्रजातिका स्तनधारी भेटिएका हुन् ।

प्राणी उद्यानले व्यास -११ र १२, भानु नगरपालिका-५ र ६ भित्रका १३ वन क्षेत्र ओगटेको छ । हालसम्म ती ठाउँमा चितुवा, रतुवा, स्याल, खरायो, वन बिरालो, रातो बाँदर, सालकलगायतका १३ प्रजातिका स्तनधारी वन्यजन्तु भेटिएको प्राणी उद्यानका संरक्षण अधिकृत भोजराज पन्थले जानकारी दिनुभयो ।

यसैगरी प्राणी उद्यानमा १८५ प्रजातिका पशुपक्षी भेटिएका छन् । यहाँ विश्वमा दुर्लभ मानिएको गोमायु महाचिल र सेतो गिद्ध, संवेदनशील सूचीमा रहेको हिमाली गिद्ध, चश्मे उलुक र घेघरी झाडीफिस्टोसहित नेपालमा मात्र पाइने चरा काँडे भ्याकुरलगायत विभिन्नैथाने, हिउँदे र ग्रीष्मकालीन आगन्तुक चरा रेकर्ड गरिएको छ । यस्तै यहाँ साल, कटुस, चिलाउनेलगायतका ४० प्रजातिका वनस्पति भेटिएका छन् । सो उद्यान कूल ४२५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ। प्राणी उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन गरी १३ वन क्षेत्र समावेश गरिएको छ । प्राणी उद्यानले २ ९७.४७ हेक्टर संरक्षण इलाका र १२७.५३ उपयोग इलाका निर्धारण गरेको छ । संरक्षण इलाकाभित्र घना वन क्षेत्र, भिरालो र पहुँच नभएको क्षेत्र पर्दछ भने उपयोग इलाकाभित्र कम भिरालो, पानीका स्रोत पर्दछ । उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको छ। रैथाने र गैररैथाने वन्यजन्तुको संरक्षण गर्ने, वन्यजन्तु संरक्षणमार्फत आमोदप्रमोद प्रदान गर्ने, वन्यजन्तुको वैज्ञानिक अध्ययन, अनुसन्धान गर्ने उद्देश्यसहित स्थापना भएको प्राणी उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको हो ।

उद्यानले अधिग्रहण गर्ने जग्गा, घरटहरा, खेत, बारीको मुआब्जा निर्धारण गर्ने काम सकिएको संरक्षण अधिकृत पन्थले बताउनुभयो । उहाँका अनुसार यस कार्यका लागि कूल रु ४६ करोड ५२ लाख एक हजार ७३० बजेट आवश्यक पर्छ । जग्गाको मुआब्जा वितरणका लागि अर्थ मन्त्रालयमा फाइल पठाइएको र बजेट स्वीकृत भएर आएपछि मुआब्जा वितरणको काम सुरु हुने उहाँले जानकारी दिनुभयो । "प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले जग्गाको मूल्याङ्कन गरेर बजेटका लागि फाइल अर्थ मन्त्रालय पुगेको छ, अर्थ मन्त्रालयबाट बजेट प्राप्त भएपछि मुआब्जाको काम अगाडि बढाउँछौं", उहाँले भन्नुभयो ।

प्राणी उद्यानभित्र परेका १२६ जग्गाधनीको ९६१ रोपनी जग्गा अधिग्रहण गरिनेछ । त्यसका लागि रु ४३ करोड ८७ लाख नौ हजार ४४३ मुआब्जा निर्धारण गरिएको छ।

त्यस्तै उद्यानभित्र परेका घरटहराका लागि रु ५८ लाख सात हजार ५७९ र छुट भएका १६ जग्गाधनीको जग्गा अधिग्रहणका लागि रु दुई करोड छ लाख ८४ हजार ७०७ मुआब्जा निर्धारण गरिएको छ।

उद्यानको सिमानामा तारबार लगाउने काम भने सम्पन्न भइसकेको छ । प्राणी उद्यानको विकासका लागि गुरुयोजना बनाइएको छ । गुरुयोजनाअनुसार यहाँ दुई इलाका, चार क्षेत्र र आठ शाखा कल्पना गरिएको छ । इलाकाअन्तर्गत संरक्षण इलाका र उपयोग इलाका रहनेछ। क्षेत्रअन्तर्गत प्रशासनिक, प्रदर्शनी, शान्ति र आध्यात्मिक, उद्धार र अनुसन्धान रहनेछ । शाखाअन्तर्गत ठूला शाकाहारी पक्षी, सर्वहारी, सरीसृप, साना स्तनधारी, मांसाहारी र भालु शाखाको कल्पना गरिएको छ।

# महिला टी-ट्वान्टी क्रिकेट : नेपाल विश्वकप छनोटबाट बाहिरियो

**रासस**
**काठमाडौं, २४ जेठ**

आइसीसी उन्नाइस वर्षमुनि (यु-१९) महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटअन्तर्गत आज भएको खेलमा नेपाल थाइल्याण्डसँग पराजित भएको छ। पराजित भएसँगै नेपालको आगामी वर्ष दक्षिण अफ्रिकामा हुने यु-१९ महिला टि-२० विश्वकप खेल्ने सम्भावना समाप्त भएको छ।

मलेसियाको युकेएम ओभलमा भएको खेलमा नेपाल थाइल्याण्डसँग ४१ रनले पराजित भएको हो । जितका लागि ९० रनको लक्ष्य पछ्याएको नेपाल १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै ४० रनमा समेटियो । नेपालकी सृष्टि जैशीले २१ बलमा ७ तथा साना प्रविनले २१ बलमा ६ रन बनाइन्। यस्तै अनु कडायतले ५, अञ्जली विश्वकर्मा, कृतिका मरासिनी र मनिषाकुमारी उपाध्यायले तीन/तीन तथा रञ्जु श्रेष्ठ र स्नेहा महराले एक एक रन बनाए । बलिङतर्फ थाइल्यान्डकी नथिता बुनसुखमले ३ विकेट लिइन्।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको थाइल्याण्डले निर्धारित २० ओभरमा ७ विकेट गुएर ८९ रन जोड्यो। थाइल्याण्डका लागि थिपत्चा पुत्थावोङले सर्वाधिक २० रन जोडिन । यस्तै बान्थिदा लेप्हाथानाले १९ तथा सुवानन खिओतोले १६ रनको योगदान दिइन । बलिङतर्फ नेपालकी मनिषाकुमारी उपाध्याय र कृतिका मरासिनीले दुई/दुई तथा स्नेहा महराले एक विकेट लिइन्।

यसअघि नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो भने दोस्रो खेलमा युएईसँग १० विकेटले पराजित भएको थियो। त्यस्तै तेस्रो खेलमा नेपालले भुटानलाई ४ विकेटले हराएको थियो । विभिन्न ६ राष्ट्र सहभागी उक्त प्रतियोगितामा शीर्षस्थान हासिल गर्ने टोली यु-१९ महिला टि-२० विश्वकपका लागि छनोट हुनेछ। नेपालले बिहीबार अन्तिम खेल आयोजक मलेसियासँग खेल्नेछ।

# भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सुरु

**पोखरापत्र संवाददाता**
**गोरखा, २४ जेठ**

गोरखाका दुई पालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलनको काम सुरु भएको छ।

यसअघि लगत सङ्कलनमा छुटेकाका लागि जिल्लाको बारपाक सुलिकोट गाउँपालिका र सहिद लखन गाउँपालिकाले पुनःलगत सङ्कलनका लागि निवदेन लिने कार्यको थालनी गरेको आयोगका जिल्ला अध्यक्ष कमला नहर्कीले जानकारी दिनुभयो ।

"स्थानीय तहको निर्वाचनका कारण गएको वैशाख ९ गतेदेखि यी दुई पालिकामा लगत सङ्कलनको काम रोकिएको थियो", उहाँले भन्नुभयो, "रोकिएको काम पुनः सोमबारेदेखि सुरु गरिएको छ।" बारपाक सुलिकोट गाउँपालिका र सहिद लखन गाउँपालिकामा स्थानीय तहको निर्वाचनका लागि रोकिएको लगत सङ्कलनको कामलाई निरन्तरता दिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार तत्कालीन भूमिसम्बन्धी समस्या समाधान आयोगमा परेका निवेदनबाहेक छुटपुट भएकाको लागि आयोगले दोस्रो पटक सूचना प्रकाशन गरेर निवदेन आह्वान गरेको हो। आयोगले सुकुम्वासी, दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास भएकाहरूका लागि फरक-फरक फारमको ब्यबस्था गरेको छ।

आयोगले उपलब्ध गराएको फरक फरक ढाँचाको फारम सहितको विवरण भरेर वडा कार्यालयले संकलन गरी स्थानीय पालिकामा पठाउनेछ। पालिकाले निवेदन प्रमाणित गरी आयोगमा पठाउने व्यवस्था रहेको अध्यक्ष नहर्कीले जानकारी दिनुभयो।

यसका लागि कर्मचारी व्यवस्थापनको काम सम्बन्धित पालिकाले गर्दै आएको उहाँको भनाइ छ। स्थानीय तहले त्यो सूची प्रमाणित गरेर पठाएपछि आयोगले नापी कार्यालय सँगको समन्वयमा जग्गा नाप गरी प्रमाणीकरणको काम गर्ने अध्यक्ष नहर्कीले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका -२३, घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण योजनामा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण**

योजनाको कुल लागत: ९,४१,१७७/-
स्थान : पोखरा -२३, कास्की
सम्झौता मिति : २०७८/१२/१५
योजना शुरु मिति : २०७८/१२/१६
योजना सम्पन्न मिति : २०७९/२/२५
नगरपालिकाबाट : ८,००,०००/-
जनश्रम उपभोक्ताबाट : १,४१,१७७/-
उपभोक्ता समिति अध्यक्ष : विष्णु प्रसाद पौडेल
उपभोक्ता समिति : ९ जना, पुरुष ६ र महिला ३ जना

**घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण उपभोक्ता समिति पोखरा-२३, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ लामाचौर वि पी स्मृति भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम: वि पी स्मृति भवन निर्माण
स्थान: पोखरा-१९ लामाचौर, कास्की
योजना सम्झौता मिति : २०७८/१०/२१ गते
योजना सुरु भएको मिति : २०७८/१०/२३ गते
योजना सम्पन्न मिति: २०७९/०२/१९ गते
योजनाको कुल लागत : रु. ११,११,११२।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।-
जन सहभागितावाट : रु.१,११,११२।-
उपभोक्ता समिति अध्यक्ष: बुद्धि बहादुर खत्री क्षेत्री
उपाध्यक्ष: नर बहादुर गुरुङ सचिव: सरिता के.सी.भट्टराई
कोषाध्यक्ष: महेश भण्डारी सदस्य: बल बहादुर श्रेष्ठ, सारदा भण्डारी, हिरा भण्डारी, सुजन थापा, रामप्रसाद श्रेष्ठ
अनुगमान समिति संयोजक: कोपिला के.सी.

**वि पी स्मृति भवन निर्माण उपभोक्ता समिति पोखरा-१९, लामाचौर**

# ताराकुञ्ज सेकेन्डरी विद्यालएको रजत जयन्ती

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

पोखरा महानगरपालिका वडा नं १३ पाटनबेसीमा स्थित ताराकुञ्ज सेकेन्डरी स्कुलको आफ्नो रजत जयन्ती समारोह हाले शनिबार सम्पन्न भयो। प्रमुख अतिथिको रूपमा आमन्त्रित गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले समारोहको उद्घाटन गरेका थिए।

समारोहमापुरस्कार वितरण, सास्कृतिक कार्यक्रम, सम्मान कार्यक्रम, फोटो प्रदर्शनी जस्ता विभिन्न कार्यक्रम प्रस्तुत गर्दै समाजसेवीहरूबाट स्थापित पुरस्कार वितरण गरिएको थियो। सोही अवसरमा ताराकुञ्ज विशिष्ट सम्मानद्वारा पूर्व प्राचार्यहरु युवराज त्रिपाठी, प्रा तारा बराल, नरेश तिमिल्सिना र पूर्व संस्थापक रेखा गुरुङसम्मानित भए। ताराकुञ्ज दीर्घसेवा सम्मानबाट कर्मचारी बुद्धि बराल र सङ्गिता गुरुङ अनि शिक्षक मनमाया गुरुङ, नागेश्वर भजन तथा सत्य सेवा आमा समूह उत्कृष्ट विद्यार्थी पुरस्कारबाट




अनमोल कार्की, अनुपम संगम, दिवान तामाङ, रोहन बराल, चन्दन सापकोटा, वृक्षा बास्तोला, प्रशान्त बराल, प्रयुषा गुरुङ र सुदीप सुवेदी, डिल्लीराम गौतम पार्वती गौतम उत्कृष्ट विद्यार्थीबाट दिजोन सापकोटा र सुप्रिया बराल र शिक्षकबाट मिलन पाण्डे र रोजिना बराल सम्मानित भए। त्यसैगरी उत्कृष्ट कृषक प्रोत्साहन पुरस्कारबाट पोखरा-१३ साफा निवासी वसन्तराज बराल सम्मानित भए। गरी ताराकुञ्ज दीर्घसेवा सम्मानसहित ताराकुञ्ज विशेष शिक्षक सम्मानबाट सुनिल न्यौपाने, विन्दु पौडेल, सरस्वती श्रेष्ठ, प्रतिभा न्यौपाने, सरिता वाग्ले,ताराकुञ्ज विशेष शिक्षक सम्मानबाटदुर्गा पौडेलसोनिया गुरुङ,अमृता भट्टराई,तीर्था गुरुङ, पुष्पा कौरीगुरुङ, जीवन वाग्ले,सनी गुरुङ, किरण थापा,अस्मिता भुजेल र विशेष कर्मचारीबाट शिलागुरुङ राम कुइकेल,गोमादेवी पौडेल सम्मानित भएका छन्। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु लोकबहादुर कार्की,पार्वती सापकोटा,दानबहादुर गुरुङ,स्थापनाकालीन शिक्षक /कर्मचारीबाट देवीमाया अधिकारी,किरण गुरुङ,फणिन्द्र तिमिल्सिना र साबित्री गौतम पूर्व शिक्षकहरु लक्ष्मी घिमिरे,शान्ति भण्डारी र मन्धरादेवी बराल र उषा स्मृति मानवता पुरस्कारबाट एलेक्स रसाइली सम्मानित भए। ताराकुञ्ज विद्यापदकबाट कक्षा १२मा उत्कृष्ट नतिजा ल्याउने सलिना सुनार,सुनिता गौतम र आकृति धिताल सम्मानित भए। विद्यालयका सह प्राचार्य शशि शिशिर ढुङ्गाले सञ्चालन गरेका थिए। प्रमुख अतिथि पृथ्वीमान गुरुङले ताराकुञ्ज सेकेन्डरी स्कुलले शिक्षा क्षेत्रसँगै समाजसेवाको क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरे। विद्यालयका संस्थापक एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्राचार्य गोविन्द गौतम, हिसान कास्कीका अध्यक्ष यामबहादुर रोका,पूर्व प्राचार्य युवराज त्रिपाठी,प्याब्सन कास्कीका अध्यक्ष मथुरा पौडेल, शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख नारायणप्रसाद सुवेदी,राष्ट्रिय परीक्षा बोर्डका प्रमुख विष्णुनारायण श्रेष्ठ र विद्यार्थी दिजोन सापकोटा लगायतले बोलेका थिए।

# म्याग्दी जिससको निर्वाचन असार ५ मा

पोखरापत्र संवाददाता
म्याग्दी, २४ जेठ

स्थानीय तह निर्वाचनअन्तर्गत जिल्ला समन्वय समिति म्याग्दीको निर्वाचन आगामी असार ५ गते हुने भएको छ। जिल्ला सभाको निर्णयानुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयले सो दिन निर्वाचन गर्ने गरी समयतालिका सार्वजनिक गरेको हो।

जिल्लामा जिससको प्रमुख उपप्रमुखसहित नौ सदस्यीय समितिका लागि निर्वाचन हुने भएको हो। मुख्य निर्वाचन अधिकृत तेजनारायण पौडेलले जेठ २३ गते मतदाता नामावली प्रकाशन गर्ने, २४ गते मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने, २५ गते संशोधित मतदाताको नामावली प्रकाशन गर्ने, २६ गते मतदाताको विरोधमा उजुरी दिने, २७ गते उजुरीउपर जाँचबुझ गर्ने र २८ गते अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका सार्वजनिक गर्नुभएको छ।

यसैगरी असार १ गते उम्मेदवारको मनोनयन दर्तासँगै उम्मेदवारको सूची प्रकाशन गर्ने तालिका रहेको छ। २ गते उम्मेदवारउपर उजुरी, सोही दिन जाँच र उजुरीउपर निर्णय गर्ने, उम्मेदवारको नामावली प्रकाशन गर्ने, ३ गते उम्मेदवारको नाम फिर्ता, अन्तिम नामावली प्रकाशनसँगै उम्मेदारलाई चुनाव चिह्न प्रदान गर्ने कार्यतालिका छ।

छ स्थानीय तह रहेको जिल्लामा निर्वाचित पालिका प्रमुख र उपप्रमुखको सङ्ख्याअनुसार जिससमा नेकपा (एमाले)को बहुमत देखिएको छ। निर्वाचन कार्यविधिअनुसार छ स्थानीय तहका प्रमुख र उपप्रमुखले जिल्ला समन्वय समिति निर्वाचनको मतदाता गर्नेछन्। जिल्ला समन्वय समितिका लागि १२ मतमध्ये सात मत एमालेको रहेको छ भने गठबन्धनतर्फ काग्रेसको तीन मत र माओवादी केन्द्रको दुई मत रहेको छ। जिसस प्रमुखका लागि एमालेतर्फबाट पार्टीका जिल्ला सहसचिव एवं बेनी नगरपालिका वडा नं १ वडा सदस्यमा निर्वाचित राजकुमार थापालाई बनाउने निर्णय गरेको छ।

यसैबीच मुस्ताङमा भने जिल्ला समन्वय समितिको निर्वाचनमा नेकपा (एमाले) र राप्रपाको एकल उम्मेदवारी परेपछि प्रमुख र उपप्रमुखसहित एमालेका छ सदस्य र राप्रपाका एक सदस्य निर्विरोध भएका छन्। जिसस निर्वाचनका लागि सोमबार बिहान १० बजेदेखि २ सम्म उम्मेदवारी मनोनयपत्र दर्ता गर्ने कार्यतालिका रहेकामा एमाले र राप्रपाको मात्र एकल उम्मेदवारी परेकाले उनीहरू स्वतः निर्विरोध निर्वाचित भएको जनाइएको छ।

# मल अभावले कृषकलाई सधैँ सास्ती

पोखरापत्र संवाददाता
दमौली, २४ जेठ

धान रोप्ने समय सुरु हुन लागेका बेला मल अभाव हुँदा तनहुँका कृषकलाई निकै समस्या देखिएको छ। धानको बीउ राख्ने बेलामा रसायनिक मल नपाउँदा कृषक चिन्तित बनेका हुन्।

मकै गोड्ने बेलादेखि नै मलको अभाव भएपछि समस्या भएको व्यास नगरपालिका-११ पोल्याङका राजेन्द्र पौडेलले गुनासो गर्नुभयो। "मकै गोड्दा पनि मल चाहिन्थ्यो, त्यो बेला पनि पाइएन, दमौलीमा नपाएपछि डुम्रेमा पुगेर चर्को मूल्यमा खरिद गर्नुपऱ्यो", पौडेलले भन्नुभयो, "अब धान रोप्ने बेला आउन लाग्यो, मल चाँहि कहिले आउँछ कुन्नि।" पौडेलले मकै गोड्ने बेला दमौलीमा मल नपाएपछि डुम्रेमा पुगेर मल खरिद गरेर ल्याएको बताउनुभयो। "एक हजार पर्ने मललाई डुम्रेमा पुगेर ल्याउँदा तेब्बर तिर्नुपऱ्यो", उहाँले भन्नुभयो, "वर्षेनी मलको अभाव हुन्छ, तर सरकारले कृषकको समस्याप्रति ध्यान दिएको पाइएन।" उहाँले असारको पहिलो साताबाट धान रोप्ने तयारी गर्नुभएको छ। अहिले धानको बीउ राख्ने बेला भएपनि मल नपाउँदा सास्ती भएको उहाँले बताउनुभयो। "अहिलेसम्म मल पाउने सुसार छैन, के गर्ने कसो गर्ने अलमल परेको छ," उहाँले थप्नुभयो। मल खरिद गर्न तीन/चार पटक बजार धाउँदा पनि मल नपाएको भिमादकी देवी खनालले गुनासो गर्नुभयो। "चाहिएको जति मल कहिल्यै पाइएन" उहाँले भन्नुभयो, "कृषकको समस्या कहिल्यै समाधान हुने भएन।" धान रोप्ने बेला डिएपी र गोड्ने बेला युरिया मल प्रयोग गरिन्छ। वर्षौदेखि रासायनिक मल हालिरहेको खेतबारीमा गोबर मल मात्रैले काम नगर्ने किसान बताउँछन्। शुक्लागण्डकीका केदार पौडेलले गोबर मलले मात्रै नहुने भएकाले रासायनिक मल आवश्यक पर्ने बताउनुभयो। "तर सधैँ मल अभाव भइरहन्छ, कृषकलाई एकदमै सास्ती छ, मल खोज्दै भौतारि नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो। शुक्लागण्डकीकै सुशन पौडेलले मल अभाव हुँदा कृषि पेशामा जाँगर हराउँदै गएको बताउनुभयो। "सरकारले किसानको आवश्यकता पूर्ति गर्न सकेको छैन, रोप्ने बेला मल पाइँदैन," उहाँले भन्नुभयो, "कृषिमै केही गरौं भन्यो मलकै अभावले भन् चिन्ता थपिन्छ।"

# परीक्षणमै सीमित सहस्रधारा 'क्यानोनिङ'

पोखरापत्र संवाददाता
बागलुङ, २४ जेठ

दुई पटकको सफल परीक्षणले सहस्रधारा झरनामा साहसिक खेल छाँगावरोहण (क्यानोनिङ) व्यावसायिक बन्नेमा यहाँका धेरैलाई आशा जगाएको थियो। विसं २०७४ फागुनमा गरिएको परीक्षण सफल भएपछि विसं २०७६ असारमा त खेलकै रूपमा 'क्यानोनिङ' आयोजना गरियो। २० जनाले शुल्क तिरेरै छाँगावरोहण गरे।

गलकोट नगरपालिका-३ स्थित झरनामा भएको छाँगावरोहण जिल्लाकै पहिलो भएकाले निकै प्रचारसमेत गरियो। छाँगावरोहण गरेको हेर्न दर्शक पनि ओइरिए। स्थानीले बाजागाजा र नाचगानसहित खेल सुरु हुने दिनलाई उत्सवकै रूपमा लिएका थिए। तर, आज परीक्षण भएको पाँच वर्ष बित्न लाग्दासमेत छाँगावरोहण व्यावसायिक बन्न सकेको छैन। झरनामा डोरीको सहायताले फेदबाट उक्लेर डँडामा पुगे र पुनः तल ओर्लने कार्य नै क्यानोनिङ हो। सन् २००७ बाट नेपालमा सुरु भएको उक्त खेलका लागि असोज-मङ्सिर र चैत-जेठ महिना उपयुक्त मानिन्छ। साहसिक खेलका माध्यमबाट गलकोटमा पर्यटक भित्र्याउने नगर कार्यालय र स्थानीयको योजना अहिले अलपत्र अवस्थामा रहेको छ। विसं २०७६ असारयता कसैले पनि सहस्रधारामा छाँगावरोहण गरेका छैनन्। छाँगावरोहणलाई व्यावसायिक बनाउने र निरन्तरता दिनेतिर खासै पहल पनि हुन सकेको छैन। छाँगावरोहणकै नाममा नगरले बजेट खर्च गरेपनि प्रतिफल भने शून्यनै देखिएको छ। सहस्रधारा झरनाले पहिले पाएको चर्चा पनि अहिले सेलाउँदै गएको हो। निर्माण उपभोक्ता समितिका पूर्वअध्यक्ष गगन कुँवरले छाँगावरोहणका लागि चाहिने सामग्री/उपकरणसमेतको जोहो गरिएपनि प्रयोगमा आउन नसकेको बताउनुभयो।

"नगरको चार लाखवढी बजेटमा हार्नेस, हेल्मेट, डोरीलगायतका सामग्री किनिएको छ", उहाँले भन्नुभयो, "नगर र स्थानीयको हातेमालो हुन सक्यो भने क्यानोनिङलाई व्यावसायिक रूपमा अगाडि बढाउन सकिन्छ, हामी यही वर्षेदेखि सुरु गर्ने योजनामा छौं।" उहाँले सरकारी निकायदेखि सर्वसाधारणकोसमेत लगानी र श्रम परेकाले सहस्रधाराको पर्यटन विकाससँगै छाँगावरोहणको व्यावसायिक योजनालाई यत्तिकै छाड्न नहुने धारणा राख्नुभयो। वडा नं. ३ का अध्यक्ष फमबहादुर खत्रीले आफू भर्खर निर्वाचित भएर आएकाले पहिले सहस्रधारामा 'क्यानोनिङ'को सम्भाव्यताबारे बृहत् अध्ययन गर्ने बताउनुभयो। "साहसिक खेल पर्यटनसँग जोडिएको र जोखिमपूर्ण पनि भएकाले पूर्वाधार तयारीविना हचुवाको भरमा क्यानोनिङ सञ्चालन गर्ने भनेर मात्र हुँदैन", उहाँले भन्नुभयो, "यसको प्राविधिक पक्षदेखि व्यावसायिक सम्भाव्यताको राम्रो अध्ययन गर्नुपर्छ, यसले पर्यटन विकासमा कस्तो प्रभाव पार्छ भन्ने हेक्का पनि राख्नुपर्छ।"

वडाध्यक्ष खत्रीले पर्यटनका नाममा जथाभावी बजेट खर्चने सोचमा आफू नभएकोसमेत उल्लेख गर्नुभयो। यसअघि वडाकै पहलमा पोखरादेखि आएका 'क्यानोनिङ'का विज्ञ र प्राविधिकले सहस्रधारालाई छाँगावरोहणका लागि उपयुक्त गन्तव्यका रूपमा पहिचान गरेका थिए। उनीहरूले सहस्रधारामा व्यावसायिक 'क्यानोनिङ'को सम्भावना रहेको औँल्याउँदै खेल पूर्वाधारसँगै पर्यटकलाई सेवा, सुविधाको सुनिश्चितता गर्न सुझाएका थिए। सहस्रधारालाई पर्यकीय गन्तव्यस्थलका रूपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन (डीपीआर)मार्फत काम भइरहेको नगरले जनाएको छ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१, बक्रेकटोलस्थित बक्रेक कात्तिके शाहीभञ्ज्याङ सडक निर्माण उपभोक्ता समितिको तपसिल बमोजिम आम्दानी तथा खर्च भएको व्यहारा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नाम : बक्रेक शाहीभञ्ज्याङ सडक संरक्षण
स्थान : पोखरा-२१
योजनाको कुल लागत : रु.५,९०,०००।-
सम्झौता मिति : २०७८।११।३०
योजना सुरु मिति : २०७८।११।३०
योजना सम्पन्न हुने मिति : २०७९।०२।३१
महानगरपालिकाबाट प्राप्त : ५,००,०००।-
उपभोक्ता समितिबाट : रु.९०,०००।-
जम्मा खर्च : रु.५,९०,०००।-
उपभोक्ता समितिका पदाधिकारी : अध्यक्षः गुप्तबहादुर थापा क्षेत्री
जम्मा सदस्य संख्या ७, महिला (४ सदस्य)
अनुगमन गर्नेको नामः इ.राजकुमारी थापा र इ.सुमन पराजुली।

बक्रेक कात्तिके शाहीभञ्ज्याङ सडक निर्माण उपभोक्ता समिति
पोखरा-२१, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका -३, स्थित कोपिलढुङ्गा शान्ति मिजार समाज भवनको ट्रष्ट निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : कोपिलढुङ्गा शान्ति मिजार समाज भवन ट्रष्ट निर्माण
स्थान : पोखरा-३, नदीपुर
योजना शुरु मिति : २०७८/१२/१७ गते
योजना सम्पन्न मिति : २०७९/२/२० गते
योजनाको कुल लागतः ३,४१,०००।-
महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : ३,४१,०००।-
जनसहभागिताबाट : ३९,०००/-
जम्मा खर्च : ३,८०,०००।-
उपभोक्ता समिति अध्यक्ष : सन्तोष नेपाली
उपाध्यक्षः भिम बहादुर नेपाली, सचिवः रमा सि.के.
कोषाध्यक्षः सिता नेपाली, सदस्यहरुः नर बहादुर नेपाली, धन बहादुर नेपाली, सन्ध्या नेपाली

कोपिलढुङ्गा शान्ति मिजार समाज भवन ट्रष्ट निर्माण उपभोक्ता समिति पोखरा-३, नदीपुर

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ लामाचौर गैरावारी मार्गमा गटर नाला तथा बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः लामाचौर गैरावारी मार्गमा गटर नाला तथा बाटो ढलान
स्थानः पोखरा-१६ लामाचौर, गैराबारी मार्ग
योजना सम्झौता मिति : २०७८/०९/२३ गते
योजना सम्पन्न मितिः २०७८/१२/३० गते
योजनाको कुल लागत : रु. ७,१४,८४५.४४।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.३,५०,००० ।-
जन सहभागितावाट : रु.३,५०,००० ।-
उपभोक्ता समिति अध्यक्षः पन्च बहादुर गुरुङ
उपाध्यक्षः मिना कुमारी गुरुङ
सचिवः कल्पना छन्त्याल
कोषाध्यक्षः शिव छन्त्याल

लामाचौर गैरावारी मार्गमा गटर नाला तथा बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-१६, लामाचौर

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. -१०, स्थित कार्यालय अगाडि दक्षिण पट्टी रामपथ लेन-२ मा बाटो ढलान गर्ने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : वडा नं. १० कार्यालय अगाडि रामपथ लेन-२ बाटो निर्माण योजना
स्थान : पोखरा-१०, कास्की
योजना सम्झौता मिति : २०७८/१२/०६ गते
योजना सम्पन्न मिति : २०७९/०२/३० गते
योजनाको कुल लागतः ११,९६,०००।-
महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : ९,६३,०००/-
जनश्रम उपभोक्ताबाट : २,३३,५००/-
उपभोक्ता समिति अध्यक्ष : केदारनाथ गुरुङ
उपाध्यक्षः बलराम गुरुङ, सचिवः पूर्णचन्द्र न्यौपाने
कोषाध्यक्षः नानी माया गुरुङ, अनुगमन समितिः वडा सदस्य एवं संयोजक सम्मर बहादुर श्रेष्ठ

वडा नं. १०, कार्यालय अगाडि रामपथ लेन-२ बाटो निर्माण योजना
पोखरा- १०, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका -१०, स्थित मिलनटोल लेन २ सडक स्तरोन्नती गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : मिलनटोल लेन २ सडक स्तरोन्नती
स्थान : पोखरा-१०, मिलनटोल
योजना सम्झौता मिति : २०७९/०१/०४
योजना शुरु हुने मिति : २०७९/०१/०५
योजना सम्पन्न हुने मिति : २०७९/२/३०
योजनाको कुल लागतः १४,६४,०००।-
महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : ७,३२,०००/-
जनश्रम उपभोक्ताबाट : ७,३२,०००/-
उपभोक्ता समिति अध्यक्ष : सुनिल बहादुर थापा
उपभोक्ता समिति : ७ जना, पुरुष ४ र महिला ३ जना

मिलनटोल लेन २ सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१०, कास्की